# जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संशोधन) निर्देशिका, २०७३

जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले देहायको निर्देशिका बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संशोधन) निर्देशिका, २०७३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०६३ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ३ मा संशोधन : जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०६३ को दफा ३ को,

१. उपदफा (२) मा रहेको "कूल आयको" भन्ने शब्दहरुको सट्टा "खूद आयको" भन्ने शब्दहरु राखिएका छन्।

२. उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छ :

"(२क.) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गत आर्थिक वर्षको खूद आयको बढीमा २५ प्रतिशतले हुन आउने रकम मात्र प्रशासनिक कार्यको लागि छुट्याउन सकिनेछ।"

<u>स्पष्टिकरण</u>: यस दफाको प्रयोजनको लागि खूद आय भन्नाले कुनै एक आर्थिक वर्षको कूल आय (अघिल्लो आर्थिक वर्ष वा उक्त आर्थिक वर्षमा कार्य संचालन नभएको भए कार्य संचालन भएको एक आर्थिक वर्षको) मध्ये संकलन खर्च, राजश्व र मूल्य अभिवृद्धि कर एवं चिरान गरेको भए चिरानसंग सम्बन्धित खर्च कटाई बाँकी रहेको आम्दानीलाई सम्झनु पर्नेछ। यस्तो आयले अघिल्लो आर्थिक वर्षमा समिति शुल्क वापत प्राप्त हुन आएको कुल रकमलाई समेत जनाउँछ।

३. मूल निर्देशिकाको दफा ४ मा संशोधन : मूल निर्देशिकाको दफा ४ को,

(१) उपदफा ३ मा रहेको "समितिको निर्णयबाट" भन्ने शब्दहरुको सट्टा "समितिको निर्णय र जिल्ला वन कार्यालय मार्फत क्षेत्रीय वन निर्देशनालयको स्वीकृति लिई" भन्ने शब्दहरु राखिएका छन्।

(२) मूल निर्देशिकाको दफा ४ को उपदफा (६) पछि उपदफा (६क.) र (६ख.) थपिएका छन् ।

"(६क.) माथिका उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस परिच्छेदमा भएको काठ, दाउरा कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्था वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ ।"

"(६ख.) जिल्ला वन पैदावार आपूर्ति समिति आफैले काठ/दाउरा संकलन गर्न नसकेमा जिल्ला वन कार्यालयमा विभिन्न श्रोतबाट प्राप्त हुने काठ/दाउरा मध्ये आपूर्ति समितिको माग अनुसार आपूर्ति समितिबाट बिक्री वितरण गर्ने गरी जिल्ला वन कार्यालयबाट उपलब्ध गराउन सक्नेछ ।"

४. मूल निर्देशिकाको दफा ८ मा संशोधन : मूल निर्देशिकाको दफा ८ को,

(१) उपदफा (१) मा रहेको "वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७" भन्ने शव्दहरुको सट्टा "वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपदफा (१) को देहाय खण्ड (क) मा रहेको "१०० क्यू.फि." भन्ने शव्दहरुको सट्टा "१४० क्यू.फि." र "१४० क्यू.फि." को सट्टा "२०० क्यू.फि." भन्ने शव्दहरु राखिएका छन् ।

(३) उपदफा (१) को देहाय खण्ड (ख) मा रहेको "२५ क्यू.फि." भन्ने शव्दहरुको सट्टा "३५ क्यू.फि.", "३५ क्यू.फि." को सट्टा "५० क्यू.फि.", "५० क्यू.फि. को सट्टा "७० क्यू.फि." र "७० क्यू.फि." को सट्टा "१०० क्यू.फि." भन्ने शव्दहरु राखिएका छन् ।

(४) उपदफा (१) को देहाय खण्ड (ग) मा रहेको "२० क्यू.फि." भन्ने शव्दहरुको सट्टा "३५ क्यू.फि." र "३० क्यू.फि." को सट्टा "५० क्यू.फि." भन्ने शव्दहरु राखिएका छन् ।

(५) उपदफा (१) को देहाय खण्ड (घ) मा रहेको "२०० क्यू.फि." भन्ने शव्दहरुको सट्टा "२१० क्यू.फि." र "२८० क्यू.फि." को सट्टा "३०० क्यू.फि." भन्ने शव्दहरु राखिएका छन् ।

(६) उपदफा (१) को देहाय खण्ड (ङ) मा रहेको "२० क्यू.फि." भन्ने शव्दहरुको सट्टा "३५ क्यू.फि." र "३० क्यू.फि." को सट्टा "५० क्यू.फि." भन्ने शव्दहरु राखिएका छन् ।

स्पष्टिकरण : यस उपदफामा जुनसुकै कुरा लेखिएको भएता पनि भूकम्प पीडितलाई उपलब्ध गराइने काठको हकमा यो परिमाण र गोलाई (नाप, साइज) को हद लागु हुने छैन ।